नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(..................अनुमतिपत्र महाशाखा..................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५११९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

प.सं.: ०७९/८०
च.नं.: च.नं.:- ८०५

मिति: २०७९/१०/१३

**विषय:-** फुकोट कर्णाली अर्धजलाशययुक्त ज.वि.आ. को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे।

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
बुद्धनगर, काठमाण्डौ वाद नं १०, नेपाल
फोन नं :०१४७८८६८०

प्रस्तुत विषयमा फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न पेश भएको दरखास्त माथि कारवाही हुने क्रममा तपसिल बमोजिमका कागजात/ विवरणहरु नपुग देखिएको हुँदा मिति २०७९/१०/०९ को विभागीय निर्णयानुसार उक्त कागजात/ विवरणहरु १५(पन्ध्र) दिनको समयावधि भित्र पेश गर्नहुन निर्देशानुसार अनुरोध गरिन्छ ।

तपसिल :

१. कम्पनी संस्थापनाको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावाली, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाण, उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) ।

२. प्रवर्द्धक कम्पनीले वा सोका शेयर होल्डरहरुले यस अघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागी भएको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी नेट वर्थ

३. शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण तथा जानकारी ।

४. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेको शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative networth तथा आवश्यकता अनुसार आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयरहोल्डरहरु बीच भएको सम्झौता र कुनै शेयर होल्डरले लिन कबूल गरेको शेयर बराबरको निजको networth नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयर होल्डर हरुबीच भएको सम्झौता र networth प्रमाणित गर्ने CA को प्रमाणित विवरणहरु ।

५. शेयर पूंजी लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णय ।

६. आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत इन्जिनियरिंग डिजाईन र डिजाईन नक्शा र ड्रइंगको main report तथा सोको विद्युतीय प्रति ।

७. निर्माण कार्यको विस्तृत तालिका ।

८. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत ।

९. वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन

१०. बहाल रहेको विद्युत खरिद बिक्रीको सम्झौता वा विद्युत जडान सम्झौता (कनेक्शन एग्रिमेन्ट) वा विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गरिने सम्बन्धी आशयपत्र

(रवि नेपाल)
इन्जिनियर